# बजेट बक्तव्य

२०७७

# कावासोती नगरपालिका

**सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

कावासोती नगरपालिकाको यस सम्मानित सभामा आर्थिक वर्ष ०७७/७८ को बजेट पेश गर्न पाँउदा अत्यन्त खुसी लागेको छ ।

नेपाली जनताको विरतापूर्ण संघर्षको ईतिहास सँगै लोकतान्त्रिक आन्दोलनमार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गरि यहाँ सम्म ल्याईपुर्याउन जीवन वलिदानी गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

नेपालको संविधानले परिकल्पना गरेअनुसार तीन तहको सरकारमध्य कावासोती नगरपालिका पनि एक स्थानीय सरकार हो । समृद्ध नेपाल सुखी नेपाली भन्ने मान्यतालाई आत्मसात गर्दै विकासको गन्तव्यतर्फ हामी बलियो पाईलाका साथ अघि बढीरहेका छौं ।

आगामि आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश सरकारको नीति तथा बार्षिक विकास कार्यक्रम, कावासोती नगरपालिकाको नीति तथा कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयक दीगो विकास लक्ष्य, कार्यपालिका तथा नगरसभा सदस्यहरुको सुझाव, विषयगत समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा भएको छलफल र निर्णयहरुलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**सभाका अध्यक्ष महोदय,**

अब म आगामि आर्थिक वर्ष ०७७/७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**बजेटका उद्देश्यहरुः**

- सँस्थागत सबलीकरण मार्फत सुशासन प्रवर्धन गर्नु
- पूर्वाधार विकास मार्फत विकासका सम्भावनालाई फराकिलो पार्नु
- दीगो विकासका सिद्धान्तहरु अवलम्बन गर्दै लक्ष्यहरु हासिल गर्नु
- प्रतिफलमूलक र उत्पादनमुलक कार्यक्रम मार्फत सामाजिक समता कायम गर्नु
- आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु
- सहभागितामूलक विकास मार्फत लाभग्राहीको अपनत्व अभिवृद्धि गर्दै विकासलाई टिकाउ बनाउनु
- समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई सार्थक तुल्याउनु

पूर्वाधारहरुको विकास, पर्यटन, सामाजिक विकास,स्वास्थ्य, फोहरमैला व्यवस्थापन, केरुङ्गे खोलाको तटबन्धन, मानव बन्यजन्तु बिचको असमझदारी न्यूनीकरण, सुशासन सहितको कार्यालय संचालन, विद्युतीय प्रणालीको प्रवर्द्धन लगायतका क्षेत्रहरु आगामि आर्थिक वर्ष ०७७/७८ को बजेटका प्राथमिकता हुनेछन् ।

**अब म आर्थिक वर्ष ०७७/७८ को क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**सामाजिक विकासः**

१. गुणस्तरिय शिक्षाका लागि शैक्षिक तथा व्यवस्थापकिय क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।
२. नगर शिक्षा विकास रणनितिका लागि रकम विनियोजन गरेको छु ।
३. नगर कोपिला प्रकाशन तथा शिक्षा दिवसका लागि रकम विनियोजन गरेको छु ।
४. नगर क्षेत्रको शैक्षिक गुणस्तर तथा विकासका लागि रकम विनियोजन गरेको छु ।
५. मेयर उत्कृष्ट छात्रवृति पुरस्कार, मुसहर दलित र अति विपन्न छात्रवृत्ति, बृहत शैक्षिक मेलाको लागि रकम विनियोजन गरेको छु ।
६. छात्रवृत्ति तथा व्यावसायिक शिक्षा प्रवर्द्धनका लागि कोषको स्थापना गरेको छु ।
७. राष्ट्रपति रनिङ् सिल्ड लगायत विभिन्न खेलुकद कार्यक्रम मार्फत समग्र नगर क्षेत्रको खेलकुद विकासका लागि रकम विनियोजन गरेको छु ।
८. सुचकमा आधारित बालमैत्री कार्यक्रमहरु सञ्चालन गर्नका लागि रु १० लाख विनियोजन गरेको छु।
९. स्थानिय पाठ्यक्रम निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
१०. महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गरेको छु ।

११.	नगर क्षेत्र भित्र रहेका दलित, सिमान्तकृत, अति विपन्न तथा मानव वन्यजन्तु द्धन्द्ध पिडित क्षेत्रमा समग्र स्वास्थ्यमा पहुचता, यौन तथा प्रजनन स्वाथ्य बारे जनचेतनामुलक कार्यक्रमका लागि रकम विनियोजन गरेको छु।

१२.	वंशाणुगत रोग सिकलसेल एनिमिया बारे जनचेतनाका लागि रकम विनियोजित गरेको छु।

१३.	आमा स्वास्थ्य कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

१४.	स्वास्थ्य संस्थाहरुमा उपकरण तथा औषधि व्यवस्थापन, आयुर्वेद सेवा केन्द्रमा औषधी व्यवस्थापन र बर्थिङ सेन्टरहरुको स्तरोन्नतीका लागि रकम विनियोजन गरेको छु।

१५.	महिलाहरुमा देखापर्ने स्तन क्यान्सर तथा पाठेघरको क्यान्सरको चेक जाँचका लागि क्याम्प सञ्चालनार्थ रकम विनियोजन गरेको छु।

१६.	विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना रोग र डेङ्गु लगायतका रोगको रोकथाम तथा नियन्त्रणका लागि रकम विनियोजन गरेको छु।

१७.	नगर क्षेत्र भित्र रहेका वालबालिकाहरुको पोषण अवस्थाको विश्लेषणका लागि रकम विनियोजन गरेको छु।

१८.	घरमा शुन्य सुत्करी (Zero Home Delivery) घोषणा कार्यक्रमका लागि रकम विनियोजन गरेको छु।

१९.	समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि रकम विनियोजन गरेको छु।

२०.	स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि रकमको व्यवस्था गरेको छु।

२१.	ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रमका लागि रकम विनियोजन गरेको छु।

२२.	स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको प्रोत्साहनका लागि उत्कृष्ट स्वास्थ्यकर्मी पुरस्कारको व्यवस्था गरेको छु।

२३. गाँउ घर तथा शहरी आयुर्वेद क्लिनिक सञ्चालनका लागि रकम विनियोजन गरेको छु ।

२४. महिला विकास कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गरेको छु ।

२५. अपाङ्ग परिचय पत्रको निरन्तरताका लागि रकम विनियोजन गरेको छु ।

२६. सिप तथा व्यावसायिक विकास तालिमका लागि रकम विनियोजन गरेको छु ।

२७. अति विपन्न स्वास्थ्य राहत कोष र अनाथ बालबालिका कोषका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

२८. नगरपालिका खेलकुदको प्रवर्द्धन र विकासका लागि रकम विनियोजन गरेको छु । मेयर कप फुटवल र उपमेयर कप भलिवल प्रतियोगिता सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

२९. आदिवासी जनजाती, दलितर महिला लक्षित क्षमता विकास कार्यक्रमका लागि रु १८ लाख रकम विनियोजन गरेको छु ।

३०. किशोरीलाई पोषण स्वास्थ्य र महिनावारी सरसफाई, जिवन उपयोगी सिप सम्बन्धि तालिम र पोषणमैत्री कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

३१. सुरक्षित आप्रवासन कार्यक्रमको निरन्तरताका लागि वजेट विनियोजन गरेको छु ।

## आर्थिक विकासः

३२. पशु खोप, पशु स्वास्थ्य औषधि व्यवस्थापन, पशु उपचारका र शाखा व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु ।

३३. नगर क्षेत्रमा भुसिया कुकुर नियन्त्रण र बन्ध्याकरणका लागि रकम विनियोजन गरेको छु ।

३४. नगरको समग्र कृषि क्षेत्रको विकासका लागि ५० प्रतिशत अनुदानमा कृषि औजार तथा यान्त्रिकरणको वितरणका लागि रकम विनियोजन गरेको छु ।

३५. दुग्ध उत्पादक किसानका लागि प्रति लि. दुधमा रु १.२५ नगद अनुदानका लागि बजेट विनियोजन गरेको छु ।

३६. कोभिड १९ को असर बाट आर्थिक क्षेत्रमा भएको प्रभावलाई न्यूनिकरण गर्न समग्र कृषि क्षेत्रको विकासका लागि सिपमुलक तालिम कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

३७. सकारी क्षेत्रको विकास र दिगोपनाका लागि सहकारी बिउपुजी कोष लाई निरन्तरताका लागि रु १५ लाख विनियोजन गरेको छु ।

३८. सहकारीहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धिका लागि बजेट विनियोजन गरेको छु ।

३९. बैदेशिक रोजगार बाट फर्केर आएका ५० जना यूवाहरुलाई व्यावसायिक कृषि तथा पशु पालन अनुदानका लागि रु ५० लाख रकम विनियोजन गरेको छु ।

४०. भ्यूउ टावर निर्माण कार्यलाई निरन्तरता दिएको छु ।

४१. कृषि तथा पशुजन्य आकस्मिक रोग नियन्त्रण कोष स्थापनाका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

४२. जैविक विविधताको संरक्षण र पर्यापर्यटनको विकासका लागि गुन्द्रहि ढकाहा सामुदायिक वनमा मचान निर्माण आवश्यक बजेट विनियोजन गरेको छु ।

## पूर्वाधार विकासः

४३. बहुउपयोगी नगरपालिका आधुनिक भवन निर्माण कार्यको निरन्तरताका लागि रु ५ करोड विनियोजन गरेको छु ।

४४. ४ वटा वडा कार्यालय निर्माणका लागि रु २ करोड विनियोजन गरेको छु ।

४५. समपूरक अनुदान र बिशेष अनुदानका लागि रु २ करोड विनियोजन गरेको छु ।

४६. वडा नं. १,३,५,१०, १२, १५, १७ को रिङ् रोड निर्माण लागि रु ४ करोड ३० लाख विनियोजन गरेको छु ।

४७. डण्डा देखि बाघखोर ग्रिनरी बाटो निर्माण निरन्तरताका लागि रु ३१ लाख बजेट विनियोजन गरेको छु ।

४८. बस पार्क निर्माण तथा डिपिआरका लागि रु ४४ लाख ८८ हजार विनियोजन गरेको छु ।

४९. शहरी विकास तथा मापदण्ड नियमन(MTMP) अध्यावधिक समेतका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

५०. समपूरक कोषका लागि रु २ करोड रकम विनियोजन गरेको छु ।

५१. वडा नं २,३ र ८ का बाटोहरुमा मोजाइक टाइल लगाउनका लागि रु ३० लाख रकम विनियोजन गरेको छु।

५२. वडा नं २,४, ८,१०, १६र १७ का बाटोहरुको कालोपत्रेका लागि रु ९५ लाख रकम विनियोजन गरेको छु।

५३. मर्मत सम्भार कोषका लागी रु ३५ लाख रकम विनियोजन गरेको छु।

५४. नगरपालिका भित्रका बाटो स्तरोन्नतीका लागि रु ५० लाख रकम विनियोजन गरेको छु।

५५. कोटाटाँडीको पूल निर्माणका लागि रु ३० लाख बजेट विनियोजन गरेको छु।

५६. वडा नं ९ को खेलकुद मैदान व्यवस्थापनका लागि रु १० लाख रकम विनियोजन गरेको छु।

५७. वडा नं ६ को कवर्ड हल र रङ्गशाला निर्माणका लागि रु ३० लाख रकम विनियोजन गरेको छु।

५८. वडा नं ४ को पिकनिक स्पोट निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५९. छाडा गाँइ बस्तुको व्यवस्थापनका लागि कावासोती १३ मा गौशाला निर्माणका लागि रु १० लाख बजेटको व्यवस्था गरेको छु।

## सुशासन तथा सेवा प्रवाह

६०. करको दर तथा दायरा सम्बन्धमा नगरवासीको सामर्थ्य र प्रत्यक्ष हितलाई आत्मसात गरी दायरा विस्तारमा थप जोड दिइनेछ । राजश्व संकलन तथा

व्यवस्थापनमा विधुतीय प्रविधीलाई सबै वडामा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । Digital Wallet जस्ता विद्युतीय माध्यमबाट कर तिर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाइनुका साथैकरदाता शिक्षा तथा आन्तरिक नियन्त्रण प्रणाली मार्फत करमैत्री प्रशासनमा जोड दिने कार्यक्रमका बजेट विनियोजन गरेको छु।

६१. नगरपालिकाको सामाजिक, सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक अवस्था झल्कने किसिमको प्रतिक चिन्ह (Logo) तयार गर्न बजेट विनियोजन गरेको छु ।

६२. नगरपालिकाका कार्यहरुलाई सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, तेस्रो पक्ष मुल्याङ्कन, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता पारदर्शीताका औजारहरु मार्फत मुल्याङ्कन र सार्वजनिकिकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६३. न्यायिक समितिको कार्य सम्पादनलाई थप चुस्त दुरुस्त बनाउन न्यायीक ईजलास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गरिनेछ । न्यायिक समितिमा प्राप्त उजुरी तथा समितिबाट भएका निर्णयहरुलाई विधुतीय प्रणालीमा अध्यावधिक गर्न बजेट छुटाएको छु।

६४. पदाधिकारी तथा कर्मचारीहरुका लागि उत्प्रेरणा तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न १० लाख विनियोजन गरेको छु।

## वन वातावरण र विपद् व्यवस्थापन

६५. मानव बन्यजन्तु बिचको असमझदारी न्यूनीकरणका लागि मेसजाली सहितको पर्खाल निमार्णलाई निरन्नरता दिदै २ करोड बजेट विनियोजन गरेको छु । केरुङ्गे खोला तटबन्धनका लागि रु. ८० लाख विनियोजन गरेको छु ।

६६. विश्व माहामारीको रुपमा रहेको कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि रु. ५० लाख विनियोजन गरेको छु । साथै वातावरण प्रवद्धन कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरेको छु ।

६७. जैविक विविधताको संरक्षण र पर्यापर्यटनको प्रवन्धनका लागि सामुदायिक बनमा मचान निर्माणका आवश्यक रकम विनियोजन गरेको छु ।

६८. कावासोती वडा नं. १६ मा स्थापना गरिएको फोहोर मैला व्यवस्थापन केन्द्रको स्तरोन्नती गरिनुका साथै उक्त स्थानसम्म पुग्नका लागि पहुँच मार्गको स्तरोन्नती गरिनेछ । फोहोर मैला व्यवस्थापनका लागि ४६ लाख विनियोजन गरेको छु ।

६९. सुकुम्बासी समस्या समाधानका लागि सुरु गरिएको संकलित तथ्याङ्कलाई अद्यावधिक गरिनेछ । सुकुम्बासी समस्या समाधानका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## सभाध्यक्ष महोदय,

१. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२. आगामि आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ९४ करोड ३२ लाख ४४ हजार ३ सय ८० रुपैँया विनियोजन गरेको छु । कुल विनियोजन मध्य चालुतर्फ रु. १४ करोड ५९ लाख ५६ हजार (सशर्त बाहेक), पुँजिगत तर्फ ३८ करोड ५७ लाख ८८ हजार ३ सय ८० रुपैँया र शसर्त तर्फ ४१ करोड १५ लाख रहेको छ ।

३. आगामि आर्थिक वर्षको खर्च व्यहोर्ने श्रोत मध्य आन्तरिक आय तर्फ ७ करोड ५७ लाख ९० हजार, राजश्व बाँडफाड मार्फत २५ करोड ४८ लाख ९ हजार ३ सय ८० रुपैँया, संघीय सरकारको समानीकरण अनुदान १७ करोड ४ लाख, प्रदेश सरकारको समानीकरण अनुदान १ करोड २७ लाख ४५ हजार, संघीय सरकारको सशर्त अनुदान ४० करोड १५ लाख, संघीय सरकारको विशेष अनुदान १ करोड, प्रदेश सरकारको सर्शत अनुदान १ करोड र समपुरक अनुदान ८० लाख व्यहोरिनेछ ।

४. अब म आगामि आर्थिक वर्षको राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

५. आन्तरिक आय संकलन तथा परिचालन सम्बन्धी कार्य व्यापकरुपमा जनप्रतिनिधीहरुको सहभागितामा हुने गरि आन्तरिक आय संकलन बलियो बनाईनेछ ।

६. करको दायरा विस्तारमा जोड दिईनेछ । कर प्रशासनलाई प्रभावकारी बनाँउदै उत्प्रेरणात्मक कर प्रणाली प्रवर्द्धन गरिनेछ । कर सचेतना कार्यक्रमलाई थप व्यापकता दिईनेछ ।

७. संघ तथा प्रदेश कानुन बमोजिम नगरपालिकाद्वारा संकलन गरिने राजश्व सोही कानुन बमोजिम व्यवस्थित रुपमा संकलन गरिनेछ ।

८. कर प्रणाली र कर प्रशासनमा प्रविधीको प्रयोगलाई अधिकरुपमा बढावा दिईनेछ ।

९. बजेट निर्माण कार्यमा मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुख ज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । प्रतिनिधी सभाका माननीय सभासद ज्यूहरु, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, वडाध्यक्ष, वडासदस्य तथा सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु प्रति सुझाव र सल्लाहको लागि धन्यवाद दिन चाहन्छु । बजेट निर्माण कार्यमा अहोरात्र खटिएर साथ दिनुहुने राष्ट्रसेवक कर्मचारीहरुप्रति धैरै धैरै धन्यवाद दिन चाहन्छु ।

१०. अन्तमा नगरपालिकाको समग्र विकासमा निरन्तर टेवा पुर्याईरहनुहुने करदाताहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । कावासोती नगरपालिको समृद्धी मार्फत नगरवासीको खुसीको लागि आर्थिक, भौतिक, नैतिक, सबैखाले सहयोग समन्वय र सहकार्यका लागि संघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरु, सरकारी तथा गैर सरकारी संघ सँस्थाहरु, बुद्धिजीवि पत्रकार र आम नगरवासीहरुमा हृदयदेखि कृतज्ञता प्रकट गर्न चाहन्छु ।

**धन्यवाद ।**